# आर्थिक वर्ष २०७७/७८ को

# नीति तथा कार्यक्रम

इच्छाकामना गाउँपालिका

चितवन जिल्ला

वाग्मती प्रदेश

२०७७

# सातौ गाउँसभाका उपाध्यक्ष कृति कुमार श्रेष्ठज्यूबाट प्रस्तुत

# आर्थिक वर्ष २०७७/०७८ को नीति तथा कार्यक्रम

सातौ गाउँसभाका सभाध्यक्षज्यू

सभाध्यक्षज्यूको अनुमतीले म यस गाउँपालिकाले आगामी आर्थिक बर्ष २०७७।७८ मा यस अबम्बन गर्ने नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु ।

- नेपालको संविधानको कार्यान्वयनसँगै तीन तहको सरकार गठन भइ मुलुक समृद्दी तर्फको यात्रामा अघि बढीरहेको अवस्थामा विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरसले सर्वत्र गम्भीर असर पुर्याइरहेको छ । यस बिषम परिस्थितिमा यस गाउँपालिकाको आगामी आ ब २०७७।७८ को नीति तथा कार्यक्रम पेश गर्नु पक्कै पनि चुनौतीपुर्ण छ ।

  " समृद्ध नेपाल सुखी नेपाली " को राष्ट्रिय सोच एवं "सुसंस्कृत र सुखी जनता, समाजवाद उन्मुख समृद्ध प्रदेश " को प्रादेशिक सोचलाई आत्मसाथ गर्दै *"सुखी खुशी र* समृद्ध *इच्छाकामना, कृषि पर्यटन र पूर्वाधार विकास हाम्रो चाहाना "* को दूरगामी सोचलाई पुरा गर्न नीतिगत निरन्तरता सहित यस गाउँपालिकाको पहिलो आवधिक योजना २०७६।७७ देखी २०८०।८१ कार्यान्वयनमा ल्याइनेछ ।

## आर्थिक विकास तर्फः

१) "*स्वच्छ र ताजा तरकारीको राज, स्वस्थ जीवनको आधार*" भन्ने नाराका साथ तरकारी तथा फलफुल केन्द्र स्थापना गरी ताजा तरकारीको उपलब्धता र उपभोगमा जोड दिने नीति लिइनेछ।

२) बाझो जमिनलाई उपयोगमा ल्याउन प्रोत्साहन गर्ने नीति लिइनेछ र एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत ५०% अनुदान प्रदान गरिनेछ ।

३) सवै वडामा अर्गेनिक मल अर्गेनिक फलफूल उत्पादन गर्न जोड दिईनेछ।

४) सवै वडामा माटो परिक्षण कार्य गरी उपयुक्त सुहादो खेती प्रणाली अपानाई पकेट क्षेत्रमा घोषणा गरिनेछ। ( सुन्तला, कागती,कफि र अलैची)

५) सवै वडामा कृषिमा जोड दिदै मौसमी बेमौसमी फलफुल तरकारी तालिम दिई व्यवसायिक कृषक बढाईनेछ।

६) कृषकको पहिचान हाम्रो अनुदान भन्ने नाराका साथ धान,मकैर अन्य विउ वितरण गरिनेछ।

७) खेति प्रणालीलाई सुधार गर्न थोपा सिंचाई, टनेलआदी नयाँ अवधारणा ल्याई अघाडी बढाईनेछ जसका लागि एक टोल एक टनेल कार्यक्रमलाइ जोड दिइनेछ।

८) लोकल तथा हाईविड वितरण गरि फुलखेती कार्यलाई महिला ,पुरुषर एकल वा सामुहिक खेतीमा जोड दिईनेछ।

९) एक वडा एक प्राविधिक परिचालन गरिनेछ।

१०) उत्पादित बस्तुको मुल्य निर्धारण र बिक्रि वितरणमा समन्वयको निति ल्याइएको छ।

११) विषादीमुक्त बनाउन सचेतना कार्यक्रम सहित टोल –टोलमा प्रचार-प्रचार गर्न कार्यक्रम गरिनेछ।

१२) एक गाउँ एक उत्पादनलाई जोड दिई जनसमुदायलाई आर्कषण खेतिमा जोड दिईनेछ।

१३) मौरीपालनलाई प्रोत्साहन र विउँ मौरी अनुदान सहित तालिमको व्यवस्थापन गरिनेछ।

१४) एक किसान १०० भन्दा बढी फलफुलका बोट विरुवा ७५% अनुदानमा वितरण गरिनेछ।

१५) कृषिलाई सिंचाईको व्यवस्था गर्ने कार्यक्रम व्यवस्थापन गरिनेछ।

१६) युवा स्वरोजगारीलाइ प्राथमिकता दिइ बेरोजगारी युवाहरुको तथ्याङ्क संकलन र तालिमको व्यवस्थापन गर्ने र एक टोल एक युवा व्यवसाय कार्यक्रम सुरु गरिनेछ ।

१७) जैविक मललाई प्रोत्साहन स्वरुप पूर्ण अनुदानमा वितरण गराई जैविक मल बनाइने छ।

१८) एक वडा एक नर्सरीको स्थापना गरिनेछ।

१९) कोभिड १९ ले अर्थतन्त्रमा गिरावट आएकोले कृषिलाइ बढि जोड दिइनेछ

२०) खेती योग्य भूमिमा सिचाइको व्यवस्था गरिने कार्यमा जोड दिइनेछ ।

२१) एक टोल एक खेतीको अवधारणा अपनाइ एकल वा सामुहिक खेती गराउन कृषि सापटी अनुदानको कार्यक्रम ल्याइने छ ।

२२) कृषि उत्पादनलाइ बृद्वि गर्न सात वटै वडामा सिचाइको व्यवस्था गरिनेछ ।

२३) कौशि कृषि खेती कार्यक्रम शहरी बेल्टका घरधुरीलाइ लक्षित गरी शुरु गरिनेछ ।

२४) इच्छाकामना गाउँपालिका भित्र अनुमति लिएर कार्यरत गैर सरकारी संस्थाहरु सँग कृषि सुधारका कार्यक्रमहरुलाइ तिव्रता दिन ५० साझेदारी कार्यक्रम गरिनेछ ।

२५) कृषि उपजलाइ व्यवस्थापन गर्न एक समिति बनाइ तरकारी संकलन केन्द्रलाइ व्यवस्थापन गरि बजारको व्यवस्था गरिनेछ ।

२६) "एक महिना ३० दिन, खेतबारीमा केही छिन" भन्ने नाराका साथ हरेक व्यक्तिले खेतबारीमा केही समय विताउन उत्प्रेरित गराउने नीति लिइनेछ ।

२७) एक वडा एक नमुना कृषि सहकारी छनौट गरि एक सहकारी एक उत्पादनलाइ जोड दिइनेछ ।

२८)	व्यवसायिक कृषकहरुलाई अवलोकन भ्रमण कार्यक्रम गरिनेछ।

२९)	पकेट क्षेत्र (सुन्तला) लगाएत अन्य घोषणा थप गरिनेछ।

३०)	आधुनिक खेती कुरिलो,टुसा, तामा खेतिलाई अनुदान गरिनेछ।

३१)	व्यवसाय कृषकहरुलाई विउँ मल औषधीको व्यवस्थापन गर्न सहकारीसँग समन्वय गरी सुझाव सहित व्यवस्थापन कार्य गरिनेछ।

३२)	पोषण प्राप्त हुने खेतीलाई, पिडालु,आलु,तरुल,फापर,कोदो,सख्खर खंण्डको बिउ सहित अनुदानको व्यवस्था गरिनेछ ।

३३)	कृषिजन्य स्थानीय उत्पादनलाइ बिक्रि वितरण गर्ने व्यवसायमा २५ %व्यवसाय कर छुट गराइनेछ ।

३४)	अन्य कृषि सहकारी संघ संस्था गैर सरकारी संस्थाहरु सँग साझेदारीमा काम गर्न र व्यवसाय कृषकलाई उत्पादन मुलक वनाउ साझेदारी कोष खडा गरिनेछ।

३५)	बिचौलिया बिनाको कृषि बजार बिकासको लागि ७ वटै वडामा संकलन केन्द्र देखि कृषि बजार संचालन गरिनेछ। र यस्तो कार्य लागत साझेदारीको आधारमा निजी क्षेत्र तथा सहकारी सँग मिलेर गरिनेछ।

३६) रासायानिक मल, उन्नत जातको बीउ बिजन र कृषि सामग्री बिक्री बितरणको व्यवस्था गरिनेछ।

३७)	कृषि उध्यमशिलता बिकासको लागि एक परिबार एक फार्म ( One Family One Farm ) नामक तालिम तथा सशक्तिकरण तालिम कार्यक्रम संचालन गरिनेछ। यसको निम्ति सामाजिक संस्था स्टेप ( STEP ) सँग साझेदारी गरी कार्य गर्नेछ।

३८)	पालिकाको ७ वडालाई एकिकृत गरी कृषि उत्पादन र पशु तथा पंक्षी उत्पादन १, १ वटा ब्लक घोषणा गरी त्यसको आबश्यक संयोजन र ब्यबस्थापन गर्ने कार्यमा सहकारी वा निजी क्षेत्रसँग लागत साझेदारीमा काम गरिनेछ। यसको निम्ति एकै प्रकृतिको कृषि उत्पादन लगाउने एक वडामा १०० जना किसान समाबेश गरी अन्तर समूह मार्फत परिचालित गरिनेछ।

३९)	सहुलियपूर्ण कर्जा प्रबाहको लागि बैक तथा बित्तिय संस्थासँग संझौता गरिनेछ। किसान छनौट देखि तालिम, ऋण असुली र त्यसको ब्यबस्थाप गर्ने देखि लिएर स्थानिय तह, बैक र ऋणी बीच समन्वय गर्ने कार्यको लागि सहकारी संस्था वा गैर सरकारी संस्थासँग आबश्यक ब्यबस्था सहित सहकार्य र साँझेदारी गरिनेछ।

४०)	किसानहरुको उत्पादनलाई बजार सम्म सहज पहुच र बिक्रीको लागि किसानकै बारी सम्म कृषिजन्य उपजहरु सिधै ढुवानीको लागि कृषि एम्बुलेन्सको ब्यबस्था गरिनेछ।

४१)	दैनिक उपभोग्य सामानहरुको सुपथ मूल्यमा बिक्री बितरणको लागि सहकारी मार्फत सुपथ मूल्य पसल संचालनको लागि नगद अनुदान र ढुवानीको लागि अनुदान दिनेछ। र प्रत्येक वडामा १, १ बटा सुपथ मूल्य पसल संचालनको निम्ति सहयोग पुरयाईनेछ।

४२)	७ बटै वडाहरुमा आधुनिक कृषि प्रणालीको बारेमा बिषयगत कृषिजन्य उत्पादन छनौट गरी स्थलगत प्रयोगात्मक तालिमको ब्यबस्था गरिनेछ।

४३)	किसानहरुलाई नियमित रुपमा तालिम तथा सिप बिकासको लागि निजी क्षेत्र, सहकारी, गैर सरकारी संघ संस्था सँगको सहकार्यमा छोटो अबधिको आबाशिय तथा गैर आबाशिय तालिम कार्यक्रमहरु संचालन गरिनेछ।

४४) एक वडा एक पशु फर्म स्थापना गरि पशु खरीद बिक्रिलाइ जोड दिइनेछ ।

४५) पशुपंक्षी विमालाइ तिव्रता दिइ कार्यक्रम गरिनेछ ।

४६) माछापालन व्यवसायलाई पोखरी निर्माण साथै माछा भुरा वितरणमा निश्चित प्रतिशत अनुदानमा गरिनेछ ।

४७) खोर सुधार कार्यक्रम गरिनेछ जसका लागि पशुपालक कृषकलाई ५० %अनुदान दिइनेछ (बाख्रा,कुखुरा ,वंगुर)

४८) बाख्रा पालन गर्ने व्यवसायलाई उन्नत जातको बोका र पाठी वितरण गरिनेछ।

४९) पशु बधशालाको स्थापना संचालन र अनुदान प्रोत्साहन गरिनेछ।

५०) लोकल कुखुरा पालन गर्न प्रोत्साहन र अनुदान विपन्न वर्गलाइ छनौट गरी व्यवस्था गरिनेछ।

५१) दुग्ध व्यवसायलाई बृद्धि गराईनेछ।

५२) दुग्ध उत्पादक कृषकहरुलाइ प्रोत्साहन गर्न प्रति लिटर दुध उत्पादनमा रु१ अनुदान प्रदान गरिनेछ।

५३) चिलिमे भ्याट निर्माण गर्न व्यत्ति संस्था वा सहकारी मार्फत अनुदान प्रदान गरिनेछ।

५४) घुम्ति शिविर पशु खोप परिक्षणको कार्यक्रम गरिनेछ।

५५) पशु तथ्याङ्क संकलन कार्यक्रम गरिनेछ।

५६) पशुपंक्षी विमालाई तिव्रता दिई कार्यक्रम गरिनेछ।

५७) समय अनुसार घाँसको विऊ र विरुवा वितरण गरिनेछ।

५८) भुसिया कुकुरलाई बन्ध्याकरण गरिनेछ।

५९) विउ बाख्रा उत्पादन गर्न फर्महरु खोलिने छ।

६०) शसर्त अनुदान अन्तर्गत केन्द्र प्रदेशबाट प्राप्त सवै कार्यक्रमहरुलाई स्थान छनौट गरि प्रभावकारी तरिकाले गरिनेछ।

## उधोग तथा बाणिज्य तर्फः

## हाम्रो आशयःउधोग र पवित्र व्यवसाय

१) गाउँपालिका भित्र भएका उधोग व्यवसायहरुको तथ्याङ्क संकलन गरी सबैलाई दर्ताको प्रक्रियामा ल्याइनेछ ।

२) स्थानीय कच्चा पदार्थबाट सञ्चालन हुने उधोग खोल्न प्रोत्साहित गरिनेछ।

३) बैदेशिक रोजगारमा जानबाट रोक्न र वेरोजगारी घटाउन क्षमता विकास र सिपमुलक तालिमहरु व्यवस्थापन गरिनेछ।

४) गा.पा. भित्रका खानीहरु संचालन गरि उधोगपतिहरुको समन्वयमा दर्ता अनुमति सिफारिस गरिनेछ।

५) बजार व्यवस्थापन गरिनेछ।

६) व्यावसायमा मादक पदार्थ, धुम्रपान, सुर्तिजन्य पदार्थ विधार्थी, गर्भवति महिला, उमेर नपुगेकालाई वेच्न पाईने नपाइने नीति लिइनेछ ।

७) घर भाडामा व्यवसाय गर्न वा घरधनी र भाडामा बस्ने बीच वडा कार्यालयको रोहबरमा अनिवार्य सम्झौता गर्नु गराउनुपर्ने नीति लिइनेछ।

८) PPP MODEL मा उधोगहरु स्थापना गर्न सहजीकरण गरिनेछ।

९) उधोगको प्रर्वधन गर्न तालिम दिन तथ्याङ्क संक्लन गर्न र गा.पा. सँग समन्वय गर्न र धैरै उधोगहरु संचालन गर्न जिल्ला प्रदेश र केन्द्रको उधोग सँग समन्वय र सहकार्य गरिनेछ।

१०) प्रचलित कानुन विपरित दर्ता नगरी कुन उधोग व्यवसाय संचालन गर्न नपाइने नीति लिइनेछ।

११) उधोग व्यवसाय एकल वा समूहमा गर्न प्रोत्साहन गरिनेछ।

१२) इच्छाकामना गाउँपालिका भित्र रहेका उद्योगहरुलाइ संचालन गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ।

१३) बन जङ्गल भित्र रहेका जडिबुटीहरुका पहिचान गरी आयुवेदीक औषधी प्रशोधन उद्योगहरु संचालन गर्न प्रोत्साहन गरिनेछ।

१४) महिला बुटिक उद्योग संचालनमा जोड दिइनेछ।

१५) हाम्रो सान इच्छाकामनाको पहिचान भन्ने मुल नाराका साथ जुस र सस उद्योगको सुरुवात गरिनेछ।

१६) एक वडा एक विशेष उत्पादन कार्यक्रम शुरु गरिनेछ।

१७) उधोगीले तिरेको उधोगीकै हितका निम्ती भन्ने नीति लिइनेछ। संकलित व्यवसाय करको १० प्रतिशत रकम उधोगीको उधमशीलता विकास र प्रवर्द्धनमा खर्च गर्ने नीति लिइनेछ।

१८) उद्योग र उद्योग व्यवसायीहरुको संचालन र संरक्षण समिति गठन गरी उद्योगीहरुलाइ प्रर्वधन र सफल बनाउन ५०% अनुदान दिइ सहयोग गरिनेछ।

१९) नयाँ नयाँ उद्योगहरु संचालन र दर्ता प्रकृयालाइ जोड दिइनेछ।

## पर्यटन ( हाम्रो आशय,पर्यटन व्यवसाय)

१) पर्यटन विकासको लागि क्षेत्रगत गुरुयोजना तर्जुमा गरी आवधिक योजना तथा वार्षिक कार्यक्रम समावेश गरि गरिनेछ।

२) पर्यटन पूर्वाधार, पर्यटन प्रवर्द्धन पर्टकीय गति विधिहरुको विस्तार गरिनेछ।

३) पर्यटकको चाहना सबै स्थान घुमौन भन्ने नाराका साथ १४ जना पर्यटक गाइडको व्यवस्था गरिनेछ।

४) उपरदाङगढी लगायत पर्यटन क्षेत्रमा नीजि लगानीमा बृद्धि गरि सबैलाइ पर्यटन क्षेत्रमा स्वागत गरिनेछ।

५) पर्यटन स्रोतको विकासको लागी र विस्तारको लागी विभिन्न व्यक्ति , संस्था र निकाय सँग साझेदारी गरिनेछ।

६) परम्परागत मौलिक संस्कृतिको संरक्षण गर्न एक वडा एक सांस्कृतिक समुह खडा गरिनेछ।

७) स्थानीय अर्थतन्त्रलाई वलियो बनाएर सबैलाइ सम्पन्न बनाउन जोड दिइनेछ।

८) पर्यटन उधोग संचालन सम्बन्धी व्यवसायिक आचार संहिता निर्माण र कार्यान्वय गरिनेछ।

९) कृषिमा पर्यटकीय स्थलहरु भाषा, धर्म र सास्कृतिक झल्किने किसिमको बृत्त चित्र तयार गरिनेछ।

१०) प्रसिद्ध धार्मिकस्थलको रुपमा रहेको इच्छाकामना मन्दिर निर्माण सम्पन्न गरी मन्दिर वरीपरी फलफूल तथा आकर्षक फुलहरु रोपिने छ।

११) एक पर्यटकीय स्थल एक पाहुना घर ५०% अनुदानमा निर्माण गरिने छ।

१२) चितवनको सबैभन्दा अग्लो स्थान सिराईचुलीमा पर्यटकलाई सहजीकरण गर्न शौचालय खानेपानी र आवश्यक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१३) एक वडा एक पिक्निक पार्क निर्माणमा जोड दिइनेछ।

१४) लामो झरनाको मुहानमा वृक्षारोपण कार्य शुरु गरिनेछ र लामो झरना महोत्सवको आयोजना गरिनेछ।

१५) गाउँपालिकाका विपन्न र बेरोजगार युवासँग सहकारी लघुउद्यम सँग हाम्रो साझेदारी भन्ने कार्यक्रम अन्तर्गत उद्यमशिलताको कार्यलाइ प्रोत्साहन गरिने छ।

१६) कृषि पर्यटन र कृषि अनुदान सँग हाम्रो केन्दं, प्रदेश सँग सहकार्यको अभियान कार्य जारी रहनेछ।

१७) गाऊँ पालिका स्तरीय पर्यटन सूचना केन्द्र स्थापना गरिनेछ।

१८) आन्तरिक बाह्य पर्यटन सँग व्यवसायको उपभोगको रुपमा अगि बढाईनेछ।

१९) इच्छाकामना भ्रमण वर्ष २०२१ कार्यक्रम शुरु गरिने छ।

२०) एक वडा एक हाट बजार को स्थापना गरिनेछ।

२१) सबै पर्यटकीय स्थलमा एक कर्मचारीको व्यवस्थापन गरिनेछ।

२२) त्रिशुली नदि र्याफ्टीङ महोत्सव सुरु गरिनेछ।

२३) पर्यटन मैत्री व्यबहार प्रवर्द्धनको लागी क्षमता अभिबृद्धि तालिम संचालन गरिनेछ।

२४) इच्छाकामना मन्दिर,लामोझरना,लखन गुफा,गौरी खोला झरना र तिन कन्या सामुदायिक बनमा पिक्निक पार्क आदिको निर्माण कार्य सुरु गरिनेछ।

२५) लामोझरनामा उपदाङगढी र अन्य पर्यटकीय स्थानहरुमा कर्मचारी वा स्वयमंसेवक रुपमा व्यवस्थापन गरि पर्यटकहरुलाइ स्वागत गरिनेछ।

२६) ठूलो होटल व्यवसायहरुको संचालनको लागी उच्च स्थान दिई भरपूर्ण सेवाको लागि अनुरोध गरिनेछ।

२७) उपारदाङगढीमा चितवन संग्राहालयको स्थापनाको लागि आबश्यक बजेट सहित योजना तर्जुमा गरिनेछ।

२८) गोर्खाको प्रसिद्ध मनकामना, त्रिबेणी मन्दिर हुदै ईच्छाकामना मन्दिर सम्म टेम्पल टु टेम्पल ट्रेल नामक पर्यटन प्रर्बद्धन गर्ने कार्यक्रम संचालन गरिनेछ।

२९) वडा नं २ तल्लो काउलेमा रहेको खोलमा कृतिम बाध बाधी जल बिहारमा आधारित पर्यटन बिकासको अबधाराणालाई अघि बढाउन केन्द्रीय र प्रादेशिक सहयोगको अपेक्षा राख्दै पर्यटन मन्त्रालय सम्म कार्यान्वयनको लागि पेश गरिनेछ।

## सहकारी विकासः

१) इच्छाकामना भित्र रहेका सहकारीहरु दर्ता, नियमन र अनुगमन गरिने कार्यलाई तिव्रता दिईनेछ

२) सहकारी ऐन ,कार्यविधि लाइ कार्यन्वयनमा तिव्रता दिइनेछ।

३) एक व्यक्ति-एक सहकारी सदस्य भन्ने सिद्धान्त अपनाई सहकारीको अवस्था हेरी मर्च गर्ने अवधारणा लागु गरिनेछ।

४) सहकारी संचालक सदस्य र कर्मचारीलाई प्रवर्द्धन र क्षमता अभिबृद्धिको लागी गोष्ठी संचालन गरिनेछ।

५) कृषि सहकारीहरुलाई प्रभाकारी बनाउन " एक कृषि सहकारी सवै किसानमा प्रभावकारी " भन्ने कार्यक्रम लागु गरी कृषि जन्य उत्पादनमा बृद्धि ल्याउन प्रवर्द्धन कार्यक्रम लागु गरिनेछ।

६) स्थानीय पुंजी लगानी गरेर उत्पादन रोजगारी र आयमा अभिबृद्धि गरिनेछ।

७) यस गाउँपालिकाको जनता श्रम,सीप,पुँजीलाई सामुहिक एकल रुपमा परिचालन गरी आर्थिक सम्वृद्धिमा जोड दिईनेछ।

८) सामुहिक कृषि प्रणालीलाई जोड दिन कृषि सहकारी सँग समन्वय गरिनेछ।

९) इच्छाकामना गाउँपालिकाबाट कृषिमा जोड दिन एक वडा एक नमुना सहकारी एक उत्पादन कार्यक्रम शुरु गरिनेछ। सो कार्यक्रम साझेदारीमा गरिनेछ। दिगो विकास लक्ष्य प्राप्तिमा योगदान पुऱ्याउन सहकारी संघसंस्थालाई अभिप्रेरित गरिनेछ।

१०) गाउँपालिका भित्र रहेका सहकारी मार्फत गरिएको लगानीहरुको तथ्याङ्क संकलन गरि लगानीको प्रभावकारीतामा जोड दिन विशेष पहल गरिनेछ ।

## बैक तथा बित्तीय संस्था

1.सबै वडामा बैङ्कको सुबिधा पुर्‍याउने नीति लिइनेछ।

2.वित्तीय संस्थाहरूको पहँच वृद्धि गरी साना बचत तथा ऋण परिचालन,

3. उद्यमशिलताको विकासका जोड दिइनेछ ।

4. हरेक नगरिकको अनुत्पादक खर्चलाई निरुत्साहित गरी बचत गर्न अभिप्रेरित गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

5. सहकारी तथा सामुदायिक संस्था मार्फत न्यून आय भएका घरपरिवारलाई बचत गर्न अभिप्रेरित गरिनेछ ।

## सामाजिक क्षेत्रः

### शिक्षा

नेपालको संविधानले दिएको अधिकार भित्र रहेर  आधारभुत तह सम्म अनिवार्य र निःशुल्क तथा माध्यमिक विधालय सम्म निःशुल्क शिक्षा पाउने हक प्रत्याभूति गरेको छ ।

- आधारभुत तह देखि माध्यमिक तहसम्म शिक्षाको व्यवस्थापन गरिनेछ ।
- यस गाउँपालिकामा दृष्टिविहिन,बहिरा,सुस्त श्रवण,वौद्धिक क्षमताले अपाङ्ग, अशक्तको लागी विशेष शिक्षा लागु गरिनेछ ।
- सेवा क्षेत्र भौगोलिक विकटता विधार्थी संख्या हेरेर विधालय थप कक्षा अपग्रेड गर्न अनुमति प्रदान गरिनेछ ।
- विद्यालयमा गुणस्तरीय शिक्षा प्रदान गर्न विधार्थी भर्ना कार्यक्रमलाई अगाडी तिव्रता दिदै नियमन, अनुगमन, दण्ड, जरिवाना र पुस्कारको व्यवस्था गरिनेछ ।
- सवै विधालयमा १ महिनामा १ एक पटक अविभावक भेला का।र्यक्रम  गर्न जोग दिइनेछ ।
- जनप्रतिनिधि र वि.व्या.स. र शिक्षकलाई विधालय र विधार्थी प्रति शिक्षामा जिम्मेवारी बनाउन अन्तरक्रियात्मक गोष्ठी र तालिमको संचालन गरिनेछ ।
- सवै विद्यालयमा भौतिक पूर्वाधार वालमैत्री,अपाङ्ग मैत्री र छात्रा मैत्री निर्माण गरी कार्यान्वयन गरिनेछ ।
- माध्यमिक तहमा एक विधालय एक स्वास्थ्य कर्मचारी व्यवस्थापन गरिनेछ ।
- एक गाउँ एक प्राविधिक शिक्षालय लागु गर्न कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।
- विधालयमा शिक्षक, विधार्थी र अविभावक व्यवस्थापन समिति आचार संहिता बनाई चुस्त दुरुस्त गरिनेछ ।

- सवै विद्यालयमा विद्युतीय हाजिरी कार्यक्रमलाई लागु गरिनेछ ।
- आधुनिक प्राविधि युक्त शैक्षिक वातावरण अनुसार शिक्षण सिकाई गुणस्तरीय गरिनेछ
- गाउँपालिकाले विद्यालय प्र.अ. सँग प्र.अ.ले शिक्षक सँग कार्य सम्पादन सम्झौता गरी शैक्षिक योजना कार्यन्वयन गरिनेछ ।
- प्रत्येक विद्यार्थीलाई शारीरिक र मानसिक विकासमा जोड दिन एक विधालय एक  खेलकुद शिक्षकको व्यवस्थापन गर्नेछ ।
- वालविकास केन्द्रलाई व्यवस्थापन गरिनेछ ।
- विद्यालयहरुमा स्काउट ट्रुप गठन गरि प्रोत्साहन गरिनेछ ।
- शिशु शिक्षक अनुदान र इच्छाकामना गाउँपालिका स्वास्थ्य शिक्षक अनुदानलाई निरन्तरता दिईनेछ ।
- शिक्षण सिकाई प्रभावकारी गर्न तहगत,विषयगत,शिक्षक व्यवस्थापन कार्यलाई अगाडी बढाईने छ ।
- विद्यार्थी र शिक्षक अनुपात हेरी दरबन्दी मिलान कार्यलाई अगाडी बढाइने छ  । मापदण्ड नपुगेका विद्यालयहरुलाई मर्ज गरिनेछ ।
- हरित विद्यालय (Green School) निर्माण गर्न एक विद्यालय ५० विरुवा  बृक्षारोपण कार्यक्रम गरिनेछ ।
- IEMIS को ट्रेनिङ कार्यक्रमलाई निरन्तरता गरिनेछ ।
- रेडियो शिक्षा कार्यक्रम संचालन गरिने छ ।
- ३/३ महिनामा तहगत शिक्षक र प्र.अ. बैठक राखी शैक्षिक छलफल गरिनेछ ।
- शिक्षा दिवसको अवसरमा उत्कृष्ट शिक्षक,विद्यार्थी  र विद्यालयलाई छनौट गरि  पुस्कृत गरिनेछ ।
- इच्छाकामना गाउँपालिका स्तरीय स्थानीय पाठ्यक्रम निर्माण गरिने छ र लागु गरीनेछ ।
- इच्छाकामना अध्यक्ष सँग स्वास्थ्य कार्यक्रम भन्ने भनाईलाई लागु गर्दै आधारभुत तहमा एक विधालय एक स्वास्थ्य कर्मचारी व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका भित्र अध्ययन गरि उच्च शिक्षा हासिल गर्न प्राविधिक तर्फ डाक्टर,इन्जिनियर,कृषि, भेटेनरी र CA आदी अध्ययन गर्ने छात्र/छात्रालाई जनही छात्रबृत्तिको उचित व्यवस्थापन गरिनेछ ।
- विद्यालयका कार्यालय सहयोगीहरुलाइ विशेष भत्ताको व्यवस्था  गरिनेछ ।

- इच्छाकामना विशेष क्षमता विशेष शिक्षाका लागि इच्छाकामना गाउँपालिका स्तरीय निर्माण गरिनेछ। दृष्टिविहिन बहिरो सुस्त मनस्थिति, अपाङ्ग, शारीरिक अवस्था अत्यन्त कमजोर भएकालाइ निशुल्क शिक्षा घोषणा गरिनेछ।
- कक्षा ११ र १२ अध्ययन गर्ने विपन्न परिवारका विद्यार्थीहरुलाई एक स्कुल१० विद्यार्थीहरुलाई प्राथमिकता दिइ निशुल्क भर्नाको व्यवस्थापन गर्ने कार्यलाइ कार्यान्वनय गराइनेछ।
- एक वडा एक नमुना विद्यालय घोषणा कार्यक्रम गरिने छ।
- सबै मा.वि हरुमा १२ कक्षा सम्मको पढाइ संचालन गर्न जोड दिइने छ।
- CTEVT सँग सहकार्य गरि अल्पकालिन र दिर्घकालिन तालिम संचालन गरिने छ।
- एक विद्यालय एक करेशाबारी कृषिमा प्रभावकारी कार्यक्रम लागु गरिनेछ।
- सर्वशान्ती क्याम्पसमा शिक्षा संकाय संचालन गर्न आवश्यक पहल गरिनेछ।
- आवश्यकता हेरी विद्यालयहरुमा छात्रबासको व्यवस्थापन गरिनेछ।

## स्वास्थ्य तर्फः

स्वास्थ्य मानव जीवनको अनिवार्य आवश्यकता हो। स्वस्थ जनशक्ति समृद्ध मुलुक निर्माणको महत्वपूर्ण आधार हो। त्यसैले "स्वस्थ नागरिक सुखी नागरिक समृद्ध इच्छाकामना भन्ने "नाराका साथ स्वास्थ्यमा नीति तथा नाराका साथ स्वास्थ्यमा नीति तथा कार्यक्रम ल्याईएको छ।

- **कोभिड १९को विश्वव्यापी महामहारीले समग्र विश्वलाई अस्त ब्यस्त बनाइएको छ। यसको पहिचान, रोकथाम र न्यूनिकरणमा आवश्यक पहल गरिनेछ। कोरोना प्रभावित नागरिकहरुको संरक्षण गर्न, क्वारेन्टाइनमा बस्नुपर्ने नागरिक निजहरुको खानपान तथा व्यवस्थापन तथा सुरक्षा कार्यकमा खटिने सबै कार्यमा खर्च गर्न एक विपद व्यवस्थापन कोष (कोरोना कोष ) खडा गरिनेछ।**

- तीन तहको सरकार बीचको समन्वयमा कोभिड -१९ (Corona Virus) संक्रमणको रोकथाम र न्यूनिकरण गर्ने यस गाउँपालिका प्रतिवद्ध रहेको व्यहोरा निवेदन गर्न चाहान्छु। कोरोना भाइरसका कारण स्वदेश र विदेशमा जीवन गुमाउन पुगेका नेपाली नागरिक तथा तीनका शोकाकुल परिवारजन प्रति समवेदन प्रकट गर्दछु। यस बीचमा कोभिड - १९ को रोकथाम न्यूनिकरण उपचार र राहत कार्यमा यस गाउँपालिकामा सहयोग पुर्याउनुहुने सम्पूर्ण व्यक्ति संस्था दाताहरु प्रति हार्दिक धन्यवाद दिन चाहान्छु। यस महत्वपूर्ण अवसरमा संघीय गणतन्त्र

नेपाल स्थापनमा आफ्नो अमूल्य जीवन गुमाउन पुग्ने बीर शहिदहरुप्रति स्मरण गर्दछु । हार्दिक श्रद्दान्जली ब्यक्त गर्दछु ।

- ❖ सवै वडा भरिका जनतालाई स्वास्थ्यको पहुचँ पुर्याउने उदेश्यले स्थापना गरिएका स्वास्थ्य केन्द्रहरुलाइ पुर्णता दिइनेछ।
- ❖ आकस्मिक सेवालाई टेवा दिन गा.पा.ले एक एम्वुलेन्स खरिद गरिएको छ उत्त सेवालाइ निरन्तरता र व्यवस्थीत गरिनेछ।
- ❖ गर्भवति महिलालाई चार पटक  गर्भवति जाँच गराई आमा र वच्चा लाई सुरक्षित गराईनेछ।
- ❖ स्वास्थ्य परिक्षणमा सहज र सुलभ गराउने उद्देश्यले स्वास्थ्य विमालाई निरन्तर गराई अनिवार्य पनि गराउनेछ
- ❖ स्वास्थ्य ल्याबको थप व्यवस्थापन र क्षेत्र विस्तार गरिनेछ।
- ❖ १५ सैयाको सुविधा र दक्ष जनशक्ति सहितको इच्छाकामना अस्पतालको निर्माण कार्य सुरु गरिनेछ।
- ❖ सामुदायिक स्वास्थ्य केन्द्र खोलिएको स्थानमा थप व्यवस्थापन गरिनेछ। **सबै वडामा भवन  निर्माण सम्पन्न गरी आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना गरिनेछ।**
- ❖ ‘कोख देखि शोक सम्म भन्ने” सिद्धान्त लाई आत्मा साथ गर्दै गर्भवति महिलाका स्वास्थ्य परिक्षण गर्दै पोषण युक्त खानेकुरा र हरलिक्स,सुप, सर्वौत्तम पिठोवितरण कार्यलाई निरन्तरता दिइनेछ र चेतनामुलक कार्यक्रम संचालन गरिनेछ।
- ❖ मृगौला रोग लागेपछि उपचार खर्च  हैन रोग लाग्न नदिन चेतना अभिबृद्धि कार्यकरम संचालन **गरिनेछ।**
- ❖ **सबे व्यवस्था पुगेका स्वास्थ्य चौकीमा ल्यावको विस्तार गरिनेछ।**
- ❖ **स्वास्थ्य स्वयमं सेविकाहरु उमेर हद वन्दी नाघेकाहरुलाइ विशेष सम्मानका साथ सेवा निवृत्त गरिने छ।**
- ❖ स्वास्थ्य स्वयम सेवकहरुलाई वर्षको २ पटक तालिम प्रदान गरिनेछ।
- ❖ मानसिक रोग सम्बन्धी जानकारी र चेक जाँच र परामर्श कार्यक्रम गरिनेछ।
- ❖ मानसिक रोग परामर्शको लागि मनोविमर्श कर्ता नियुत्ति गरिसकेको छ र उत्त सेवालाइ सबै वडाहरुमा कार्यन्वयन गर्न र तथ्याङ्क संकलन गर्न सबैलाइ सञ्चालन गरिनेछ।
- ❖ इ.गा.पा.को बर्थीङ्ग सेन्टरमा जन्मेका वालिकालाई वालिका वचत खातालाई निरन्तरता दिईरहेको अवस्थामा अबको दिनमा स्वास्थ्य चौकीमा चेक जाँच गराएका सबै इच्छाकामना गा.पाका बालिकालाइ बालिका बचत खाता खोलिनेछ।
- ❖ स्वास्थ्य सेवामा सबैको पहुँच  पुर्याउन कर्मचारीको थप व्यवस्था गरिनेछ।
- ❖ जिल्लाका स्वास्थ्य निकायहरु सँग समन्वय गरि इच्छाकामना अस्पतालमा सवै खाले रोग सम्बन्धी डाक्टर झिकाई रोग परिक्षण गर्ने कार्यक्रम गरिनेछ।

- ❖ विभिन्न रोगहरुका लागि Health Camp वडा नं १ कोलभञ्ज्याङ हात्तिवाङ वडा नं ७ वडा न ६ वडा नं२ र अन्य स्थानहरुमा सञ्चालन गरिएको र यस्ता कार्यक्रमहरुलाइ विभिन्न स्वास्थ्य संस्थाहरुको समन्वयमा निरन्तरता दिइनेछ ।
- ❖ इच्छाकामना गाउँपालिका भित्रका स्वास्थ्य चौकीमा जन्मेका बच्चा बच्चीहरुलाइ स्वास्थ्य सामाग्री न्यानो झोला न्यानो कपडा वितरण कार्यक्रमलाइ निरन्तरता दिइनेछ।
- ❖ २०७६।०७७ मा सर्वशान्ति मा.वि र जनप्रिय मा.विका विद्यार्थी एक हजार पचास विद्यार्थीको मुटु र मृगौला सम्बन्धी सर्वेक्षण जाँच गरिएको थियो र यो कार्यलाइ सबै विद्यालय र विद्यार्थी समक्ष पुर्याउने लक्ष्य लिइउको छ।
- ❖ कोभिड १९ को महामारीको नियन्त्रण र रोकथामको लागि पालिका स्तरमा एउटा रयापिड मेडिकल टास्क फोर्स गठन गरिनेछ। यसको संचालनको लागि बिशेष ब्यबस्था गरिनेछ।
- ❖ राजमार्ग क्षेत्रमा हुने सडक दुर्घटनाका घाईते एबं आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नको लागि विपद व्यवस्थापन तालिम शिक्षालय कुरिनटारको ट्रमा सेन्टरलाइ सञ्चालनको व्यवस्थापन गर्ने र आवश्यक सहयोग सहकार्य सदभावका साथ व्यवस्थापन गरिनेछ।
- ❖ राजमार्गमा अवस्थीत मुग्लिन सामुदायिक हाइवे हस्पिटललाइ गाउँपालिकाको संस्थागत साझेदरीमा स्वास्थ्यमा पहुँच पुर्याउन र विपन्न नागरिकहरुलाइ सेवा गर्न कार्यक्रम गरिनेछ।
- ❖ सडक दुर्घटनाका कारण घाइते हुने यात्री एबं दुर्घटना पीडित ब्यक्तिलाई तुरुन्त उद्धार गर्नको लागि स्वास्थ्य बिषयक आधारभूत तालिम प्रदान गरी एउटा पालिका स्तरमा मेडिकल रेस्क्यू टिम तयार पारिनेछ। र यसलाई क्रमश: वडा स्तरमा पनि बिस्तार गरिनेछ। यस प्रकृतिको तालिमको लागि नेपाल रेडक्रस सोसाईटी उपशाखा मुग्लिङ मार्फत कार्य गरिनेछ। नेपाल रेडक्रस सोसाईटी उपशाखा मुग्लिङमा रोड सेफ्टी सम्बन्धि जनचेतना जागृत गर्ने खालका बिभिन्न लक्षित बर्गका लागि उपयुक्त हुने गरी तालिम कार्यक्रम संचालन गरी आबश्यक समन्बय, सम्पर्क र ब्यबस्थापनको लागि सडक सुरक्षा ज्ञान केन्द्र संचालनको निम्ति संस्थागत पूँजीगत अनुदान दिनेछ।
- ❖ पालिकामा रहेका माबि स्तरिय बिध्यालयहरुमा बिध्यार्थी स्वंयमा र बिध्यार्थी मार्फत समुदायमा स्वास्थ्य बिषयक जनचेतना अभिबृद्धि गर्ने योजना स्वरुप पालिकामा रहेको माबि र निमाबिमा हेल्थ क्लब गठन गरी आबश्यक गतिबिधिहरु संचालन गरिनेछ।
- ❖ हरेक वडाको टोल टोलमा पुगी घुम्ती स्वास्थ्य शिबिर संचालनको निम्ति आबश्यक ब्यबस्था गरिनेछ।
- ❖ योग तथा प्राकृतिक चिकित्सा पद्धतिबाट सेवा संचालनको निम्ति निजी क्षेत्र एबं संगठित क्षेत्र सँग मिली योग तथा प्राकृतिक चिकित्सा केन्द्र संचालन गरिनेछ।
- ❖ राजमार्गमा हुने सडक दुर्घटनाका घाईतेहरुलाई शिघ्रतापूर्बक उपचारस्थल सम्म पुरयाउन सुबिधा सम्पन्न एब्बुलेन्स संचालनका निजि तथा कुनै संस्था व्यत्तिको लागि गाउँपालिकाले सिफारीस गरि कार्यविधि अनुसार सञ्चालनमा अनुमति दिइ सहयोग गरिनेछ।

- ❖ "सवै वडामा विरामी अस्पताल होइन अव अस्पताल विरामीको घरमा'' भन्ने नाराका साथ ६० वर्ष काटेका जेष्ठ नागरिकलाई वर्षको दूई पटक निःशुल्क स्वास्थ्य परिक्षण गर्ने कार्यक्रम संचालन गरिनेछ।
- ❖ जिल्लाका स्वास्थ्य निकायहरु सँग समन्वय गरि इच्छाकामना अस्पतालमा सवै खाले रोग सम्बन्धी डाक्टर झिकाई रोग परिक्षण गर्ने कार्यक्रम गरिनेछ।
- ❖ इ.गा.पा.का नागरिक विरामी उपचार कोष खडा गरि विपन्न नागरीक उपचार कोष खडा गरिनेछ।
- ❖ इच्छाकामना गाउँपालिका भित्रका स्वास्थ्य चौकीमा जन्मेका बच्चा बच्चीहरुलाइ स्वास्थ्य सामाग्री न्यानो झोला न्यानो कपडा वितरण कार्यक्रमलाइ निरन्तरता दिइनेछ।
- ❖ थाइराईड रोगको उपचार र परामर्शको लागि कार्यक्रम गरिनेछ।
- ❖ स्वास्थ्य चौकीका स्वास्थ्य कर्मचारीहरुलाई परिचालन गरि One Scholl 3 class सम्म संचालन गरि स्वास्थ्य शिक्षा कार्यक्रम लागु गरिएकोछ।
- ❖ सर्ने नसर्ने रोगको जानकारी गराई स्वस्थ्य रहन सचेत गराइने कार्यक्रम संचालन गरिनेछ।
- ❖ खोप क्लिनिकलाई थप व्यवस्थित गरिनेछ।
- ❖ पाठेघर खस्ने र क्यान्सर जस्तो भयानक रोगको वारेमा जानकारी सहित स्वास्थ्य परिक्षण सबै स्वास्थ्य केन्द्रहरुमा सञ्चालन गरिनेछ।
- ❖ आमा सुरक्षा कार्यक्रम संचालन गरिनेछ।
- ❖ इ.गा.पा.को जनतालाई रगतको अभाव नरहोस भनि इ.गा.पा र रक्त संचार केन्द्र भरतपुर वा अन्य सामाजिक संस्था सँग ब्लड डोनेसन कार्यक्रम संचालन गरिनेछ र निशुल्क रगत उपलब्ध गराउन सहजीकरण गरिनेछ।
- ❖ सकारात्मक सोच नै स्वास्थ्य रहने पाटो हो भन्ने भनाईलाई आत्मा साथ गर्दै सकरात्मक सोच कार्यक्रम गोष्ठी गरिनेछ।
- ❖ २४ घण्टे सुत्केरी सेवा निरन्तरता दिईनेछ।
- ❖ **Zero Home Delivery**कार्यक्रमलाई सवै वडामा घोषणा गरिनेछ।
- ❖ **इच्छाकामना गाउँपालिका भित्र** गर्भवति महिलालाई सुत्केरी गराउन निःशुल्क एम्वुलेन्स सेवा प्रदान गरिनेछ जसले सुत्केरी महिलालाइ घरबाट स्वास्थ्य चौकी सम्म पुर्याउने छ।
- ❖ स्वास्थ्य सेवा अन्तर्गत केन्द्र र प्रदेश बट तोकिएका सर्शत कार्यक्रमहरुलाई कारयतालिकामा सहभागी र क्षेत्र तय गरि संचालन गरिनेछ।
- ❖ गर्भवति महिलालाई सुत्केरी गराउन निःशुल्क एम्वुलेन्स सेवा प्रदान गरिनेछ जसले सुत्केरी महिलालाइ घरुबाट स्वास्थ्य चौकी सम्म पुर्याउने छ।

- ❖ पालिका स्तरमा स्वास्थ्य सूचना प्रणालीको बिकास गर्नको लागि प्रत्येक घरधुरी र परिबारको अभिलेख हुने गरी हेल्थ प्रोभाईल तयार पारिनेछ। तत्पश्चात प्रत्येक ब्यक्तिको हेल्थ रेकर्ड हुने हेल्थ कार्डको ब्यबस्था गर्नको निम्ति आबश्यक ब्यबस्था गरिनेछ।
- ❖ प्रमाणित जटिल रोग दिर्घ रोग लागेका रोगी व्यत्तिलाइ प्रमाणित आधारमा बढिमा एक पटक स्वास्थ्य कार्यविधि अनुसार उपचार सहयोग सेवा उपलब्ध गराइनेछ।
- ❖ औषधिको लागि अभाव हुन नदिनको लागि समयमा औषधि खरीद गरि सबै स्वास्थ्य केन्द्रहरुमा उपलब्ध गराइनेछ ।।
- ❖ एक विद्यालय १-८ चलेको र माध्यमिक विद्यालय सबैमा छात्राहरुको विद्यालय छोड्ने र कक्षा छोड्ने कार्यलाइ रोक्न छात्रा स्यानिटरी प्याडको व्यवस्था गरिनेछ।
- ❖ स्वास्थ्य कर्मचारीलाई गा.पा. भित्र र अन्य स्वास्थ्य केन्द्रहरुमा अवलोकन भ्रमण गराईनेछ।
- ❖ कुनै पनि रोगबाट बच्न आवश्यक खोपको व्यवस्था गरिनेछ।
- ❖ चार पटक गर्भ जाँच गराउने गर्भवति महिलालाई एक क्रेट अण्डा निःशुल्क व्यवस्था गरिनेछ।
- ❖ सबै सामुदायिक विद्यालयमा स्यानिटरी प्याडको व्यवस्था गरिनेछ।
- ❖ सेवामा कार्यरत कर्मचारीको कार्य सम्पादन मुल्याङ्कन गरि पुरस्कारको यवस्था गरिनेछ।

## खानेपानी तथा सरसफाई तर्फः

- ➢ आफ्नो घर आफै सफा राखौ भन्ने अभियानको साथ फोहोर मैला व्यवस्थापन गर्न गठित समितिलाइ निर्देशन सहित कार्य गर्न लगाई फोहोर मैला व्यवस्थापन गराइ स्वच्छ सफा गाउँपालिका घोषणा गरिनेछ।
- ➢ एक घर एक धारा कार्यक्रम लागु गरि सवै वडामा स्वाच्छ पिउने पानीको व्यवस्था गरिनेछ।
- ➢ N.G.O./I.NGO सँग समन्वय गरि पउने पानी र सरसफाइलाई जोड दिईनेछ।
  - ➢ एक परिवार एक शौचालयलाई अनिवार्य निर्माण गर्ने र प्रयोगमा ल्याउन सबै नागारिकहरुलाइ सचेत गराइ कार्यान्वयन गरिनेछ ।
  - ➢ राजमार्ग क्षेत्रमा अबस्थित बजारहरुमा ब्यबस्थित ढल निकासको लागि बजेट बिनियोजन गरिनेछ। पहिलो चरणमा मुग्लिङ, कुरिनटार बजार क्षेत्रबाट शुरुवात गरिनेछ।
  - ➢ लिफ्टिङ प्रविधिबाट खानेपानीको व्यवस्थापन गर्न इच्छाकामना मन्दिर परिसर नागदह सम्म खानेपानी व्स्थापन गर्न ठेक्का प्रक्रया शुरु भैसकेको छ र इच्छाकामना गाउँपालिका वडा नं१ ज्यानदालामा लिफ्टिङ प्रविधिबाट खानेपानीको व्यवस्थाको निर्माण कार्य भैरहेको छ र त्यसलाइ सम्पन्न गरिनेछ ।त्यसै गरी इच्छाकामना गाउँपालिका

वडा नं६ ढुङ्ग्रे खानेपानीको लागी बजेट विनियोजन भैसकेको र यिनै कार्यक्रमहरुको साथै सबै वडामा खानेपानीको व्यवस्था गरिनेछ।

- इच्छाकामना मन्दिर परिसरमा पिउने पानीको व्यवस्था गरिनेछ।
- प्रत्येक टोलमा खानेपानी समिति गठन गरि खानेपानी तथा सरसफाइ कार्यक्रम गरिनेछ।
- एक परिवार एक शौचालयलाई अनिवार्य गराउनेछ।

## फोहरमैला व्यवस्थापन

- टोल सुधार समितिलाई परिचालन गरि डस्विन वितरण गरिनेछ । सहयोगी मनहरुको समन्वयमा व्यवस्थापन गरिनेछ।
  - फोहरमैलाको व्यवस्थापनका लागि सरसफाई केन्द्र निर्माण भइरहेकामा त्यसलाइ अझ बढी व्यवस्थित बनाइने छ ।
  - सरफाइको कार्य टोल । समुदाय र नीजि क्षेत्रसँगको सहकार्यमा सम्पादन गर्ने नीति लिईनेछ ।
  - फोहरमैला व्यवस्थापन र दस्तुर संकलन कार्यमा सहयोग गर्ने टोल विकास संस्थालाइ फोहरवापत उठेको दस्तुरको निश्चित प्रतिशत सहयोग गर्ने नीति लिइनेछ ।
  - सरसफाइमा बेकारबाट आविश्कार नीति लिइनेछ ।
- फोहरलाई कृषि, सीप विकास तथा आय आर्जनसँग संयोजन गर्ने नीति लिईनेछ ।
- फोहोर व्यवस्थापनको लागी ठेक्का प्रक्रिया अगाडी बढाई व्यवस्थापन गरिनेछ । ( कार्यविधि अनुसार)
- फोहरमैलाको दस्तुरलाई गापा र वडाबाट प्रदान गरिने सेवासँग आवद्ध गर्ने नीति लिइनेछ। दस्तुर नतिर्नेले सेवा प्राप्त गर्न दस्तुर तिरी आउनु पर्ने नीति लिइनेछ।

## सांस्कृतिक प्रवर्द्धन तर्फः

"जोगाउ भाषा र सस्कृति, हटाउ नचाहिने बिकृति" भन्ने भावना सवैमा लागु गरिनेछ।

- मौलिक बाजा, नाच र गीतको पहिचान गरि संरक्षण गरीनेछ
- चेपाङ, गुरुङ, मगर, नेवार, थकालीको संस्कृतिको संरक्षण गरी व्यवसायिक बनाइनेछ ।
- मठ, मन्दिर, गुम्वा, मस्जिद तथा अन्य धार्मिक स्थलकौ पहिचान तथा संरक्षण गर्ने नीति लिइनेछ ।,

- भाषा शिक्षाको लागि आवश्यक वजेट विनियोजन गरिनेछ र भाषा संस्कृतिको जगेर्ना गर्न स्थानीय भाषा शिक्षा संचालन गरिनेछ ।
- एक वडा एक सास्कृतिक समुह निर्माण गरिनेछ ।
- इ.गा.पा. को धर्म सस्कृतिक भु गोल जातजाती पर्यटकीय स्थल पुरातात्विक स्थल भेषभुषा झल्किने बृत्तचित्र तयार गरिनेछ ।
- इच्छाकामना स्थानीय गितको अडियो र भिडियो निर्माण गर्ने र बैठकबाट निर्णय गरि पास गराईनेछ ।
- स्थानीय मेला महत्व चार्ड पर्व लाई मध्य नजर राख्दै कार्यक्रम संचालन गरिनेछ र स्थानीय विदाको व्यवस्था गरिनेछ ।
- सबै जातजाती र मौलिक धर्म संस्कृतिको पहिचान हुने गरी मौलिक धर्म संस्कृतिको जगेर्ना गर्ने खालको योजना निर्माण र कार्यक्रम गरिनेछ ।
- इच्छाकामना गाउँपालिकाको सबै जात जाती भाषा धर्म संस्कृति कला र साहित्यको जगेर्ना गर्न जात्रा पर्वको व्यवस्था गर्न बजेट विनियोजन गरि एक वडा एक सांस्कृतिक समुह गठन गरिनेछ ।
- इच्छाकामनाको पहिचान झल्कने वृत Brochure चित्र तयार गरिनेछ ।
- इच्छाकामाना गाउँपालिको समग्र परिचय झल्लिने डिजिटल गाईड बुक मुद्रण कपी सहित प्रकाशन गरिनेछ।
- इच्छाकामना साहित्य कलाहरुमा प्रोत्साहन गरि कार्यक्रम सञ्चालन गरिनेछ ।

## युवा तथा खेदकुद मनोरञ्जन

- **“युवा आउ आफ्नो ठाउ बनाउ भन्ने नाराका साथ कार्यक्रम”**
- गाउँपालिका स्तरिय युवा संजाल गठन गरि इच्छाकामना गाउँपालिकाको सर्वाङ्गीण विकासमा युवाको भूमिका भन्ने कार्यक्रम संचालन गरिने छ ।
- विपन्न र बेरोजगार युवाहरुलाइ लक्षित गरि लघु उद्यम कार्यक्रमलाइ प्रोत्साहन गरिनेछ ।
- सवै वडामा खेलकुद समिति गठन खेलाडीहरुलाई खेलकुद सामाग्री वितरण गरिनेछ ।
- गरिब छौँ गर्ने छौँ भन्ने नाराको साथ विपन्न र बेरोजगार युवा लक्षित कार्यक्रम लघु उद्यम कार्यलाइ प्रोत्साहनर संचालन गरिनेछ ।
- माटो चिनौँ बनाउ आफ्नो गाउँ भन्ने अभियान संचालन गरि बैदेशिक रोजगार बाट फर्केका युवाहरुलाइ उद्योग तथा विकास निर्माणमा परिचालन गरिनेछ ।
- शिक्षित बेरोजगार युवाहरुलाइ शैक्षिक प्रमाणपत्रको आधारमा प्रोजेङ्कटमा आधारीत शुरुवाती पुँजी उपलब्ध गराउन विधि तयार गरिनेछ ।
- युवा क्लबहरुलाइ Refresh and Renew गरिनेछ । र नयाँ गठन प्रकृयालाइ अगाडि बढाइनेछ ।

- इच्छाकामना अध्यक्ष रनिङ शिल्ड फुटबल कप प्रतियोगिता संचालन गरिनेछ ।
- जेष्ठ नागरीक सँग युवा कार्यक्रम संचालन गरिनेछ ।
- एक वडा एक पोखरी निर्माण गरिनेछ ।
- एक युवा १० विरुवा भन्ने नाराका साथ युवा परिचालन गरि राजमार्ग लगायत सबै ग्रामिण सडकमा वृक्षरोपण कार्यक्रम शुरु गरिने छ ।

## महिला वालवालिकाका सिमान्कृत अपाङ्ग दलित अल्पसंख्य तथा सामजिक समावेशीकरण

- **"महिला हामी कहीमा छैन कमी भन्ने नाराका साथ कार्यक्रम संचालन गरिनेछ" ।**
- वडा गा.पा. स्तरीय महिला संजाल लाई बैठक आयोजना गरी विविध योजना वनाई महिला क्षमता अभिबृद्धि सिपमुलुक कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- गाउँपालिको हेरक वडाहरुमा भएका महिला संजालहरुलाइ परिचालन गराउन वडामा महिला भेला बैठक गरिने कार्यलाइ तिव्रता दिइनेछ ।
- महिला हिंसालाइ अन्त्य गराइ हिसां पिडित महिलाहरुको लागी पिडित महिला संरक्षण कोष खडा गरिनेछ ।
- महिला सचेतनाको लागि सचेतना कार्यक्रमहरु ल्याइनेछ ।
- नारी दिबस कार्यक्रमलाइ निरन्तर रुपमा विभिन्न कार्यक्रमहरु गरी मनाइनेछ ।
- प्रत्येक टोल टोलमा आमा भेला किशोरी भेला एकल महिला भेला गरी आत्मनिर्भरताको लागि विभिन्न सिपमुलक सिकाई कार्यक्रम गरिनेछ ।
- आर्थिक संम्बद्धिका लागि महिला उद्यमशिलता भन्ने मूल नाराका साथ एक वडा एक महिला उद्यमी समूह कार्यक्रमको लागि सिकाइको साथै व्यवसायको लागि कार्यक्रमहरु गरिनेछ ।
- बहु विवाह बालविवाह जस्ता मानव माथिको कलङ्क कार्यको अन्त्यको लागि कार्यक्रमहरु संचालन गरिनेछ ।
- एकल हौँ तर सबल छौँ भन्ने मूल नाराका साथ एकल महिलालाइ संगठीत गरि कृषि पशु र अन्य व्यवसायको लागी सामुहिक वा एकल व्यवसाय अनुदानको व्यवस्था गरिनेछ ।
- महिलाहरुको प्रजनन स्वास्थ्य तथा बालबिवाह विरुद्धको कार्यक्रमहरु लागु गरिनेछ ।
- लैङ्गीक समानता तथा लैंङ्गीक हिंसा निवारणका लागि संरक्षणका उपायहरु अवलम्बन गरिनेछ ।
- लैङ्गीक उदारवादी बजेटलाइ प्राथमिकता राखेर काम गरिनेछ ।
- बालमैत्री स्थानीय शासन को अवधारणा लागु गरिनेछ ।
- बाल संरक्षण गृहको स्थापना गरी असहाय अति जोखिम तथा वेवास्था रहेका बाल बालिकाहरुलाइ संरक्षणका साथ व्यवस्थापन गरिनेछ ।
- बाल हिंसा तथा आपतकालिन बाल उद्दार कोषको स्थापना गरिनेछ ।

- ❖ गाउँपालिका स्तरीय बाल संरक्षण समिति गठन गरिनेछ ।साथै वडा स्तरीय बाल संजाल समिति गठन गरि बाल संरक्षणका कामहरु गरिनेछ ।
- ❖ बालिकाहरुलाइ जन्मने वित्तिकै भेदभाव नहोस् र एउटा आमाले कोखमा छोरी भएकै कारण भ्रुण हत्या गर्न नपरोस् र समाजमा छोरा छोरी बराबरी हो भन्न बालिका बचत खातालाइ सबै निरन्तरता दिइनेछ ।
- ❖ सबै वडाहरुमा बालबालिका समिति गठन गरिने छ । साथै वडा स्तरीय बाल संजाल समेत गठन गरिनेछ ।
- ❖ अभिभावक सँग बालबालिका भन्ने कार्यक्रम भन्ने कार्यक्रम सँगै अभिभावक र बालबालिका भेला कार्यक्रम गरिनेछ ।
- ❖ बाल मैत्री शिक्षा बाल मैत्री स्थानीय शासनका सूचकहरुलाइ सहयोग पुग्ने कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ बालबालिकाको अदृश्य क्षमतालाइ प्रस्फुटन गराउन बाल सहभागीता गित प्रतियोगिता नृत्य सहभागीता कविता नाटक सहभागीता कार्यक्रम संचालन गरिनेछ र पुरस्कृत गरिनेछ ।
- ❖ बाल अधिकार सम्बन्धी कार्यक्रमहरु संचालन गरि **इच्छाकामनाको बालक भोलीको कर्णधार** भन्ने नाराको साथ बाल सुरक्षा गराउन जन्मने वित्तिकै देखि प्राप्त हुने सुविधाहरु सबै समुदायहरुलाइ विशेष ध्यानाकर्षण गराइने छ ।
- ❖ अपाङ्गता भएका व्यक्तिहरुलाइ लक्षित गरी कार्यक्रमहरु ल्याइनेछ ।
- ❖ बालमैत्री अपाङ्ग मैत्री लैङ्गिक मैत्री तथा वातावरण मैत्री वातावरण सिर्जना गरिनेछ ।
- ❖ अपाङ्ग  भए पनि सपाङ्ग जस्तै गर्न सक्छौं भन्ने नाराका साथ अपाङ्गहरुलाइ आत्मनिर्भर गराउन अपाङ्ग लक्षित कार्यक्रम संचालन गरिनेछ ।
- ❖ गाउँपालिका स्तरीय अपाङ्ग समिति गठन गरिएको छ । यसलाइ परिचालन गरी वडा स्तरीय तथ्याङ्क संकलन गरि वडा समिति निर्माण गरिनेछ ।
- ❖ शारिरीक रुपले अपाङ्ग भएका अपाङ्ग व्यक्तिहरुलाइ कृतिम अङ्ग राख्न संघ संस्था सँग समन्वय गरी कार्यक्रम ल्याइएको छ ।
- ❖ जेष्ठ नागरीकहरुलाइ सम्मान गर्दै विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ सामाजिक सुरक्षा भत्ता सुलभ ढंगबाट प्राप्त गर्नको लागी उचित व्यवस्था गरिने छ ।
- ❖ जेष्ठ नागरीक मिलन केन्द्र सबै वडाहरुमा स्थापना गरिनेछ ।
- ❖ जेष्ठ नागरीक स्वास्थ्य कार्यक्रम अन्तर्गत जेष्ठ नागरीकहरुलाइ स्वास्थ्य संस्था मार्फत बर्षको २ पटक निशुल्क स्वास्थ्य परीक्षण गराइनेछ ।
- ❖ जेष्ठ सँग हाम्रे भेट भन्ने कार्यक्रम अन्तर्गत जेष्ठ नागरीक भेटघाट कार्यक्रम गरी इच्छाकामनाको सबै पर्यटकीय स्थलरुमा जेष्ठ नागरीक भ्रमण गराउने निति तथा कार्यक्रम ल्याइनेछ ।
- ❖ जेष्ठ नागरीकहरुलाई सम्मान गरिने खालका विभिन्न कार्यक्रमहरु ल्याइनेछ ।
- ❖ असहाय र टुहुरा बालबालिकाहरुलाइ बालआश्रम निर्माणाधिन रहेको अबस्थामा उत्त भवनलाइ सम्पन्न गरी संचालन गरिनेछ ।
- ❖ दलित अपाङ्ग सिपान्तकृत अल्पसंख्यीक तथा समावेशीकरण कार्यक्रम संचालन गररिने निति ल्याइएको छ ।
- ❖ छुवाछुत भेदभाव सामाजिक अपराध हो यसको बारेमा समुदाय स्तरमा चेतना  पुर्याइ इच्छाकामनामा कुनै भेदभाव नराख्न र सामाजिक विकृति फैलिन नदिन समुदाय सँग दलित कार्यक्रम संचालन गरिनेछ ।
- ❖ विभिन्न पछाडी परेका दलितहरुलाइ सिपमूलक आयमूलक क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरिनेछ ।
- ❖ अल्पसंख्यमा सिमान्तकृत चेपाङ समुदायको लागि सबै वडामा सिपमुलक र आयमूलक कार्यक्रमहरु गरिनेछ ।
- ❖ विभिन्न सरकारी वा गैरसरकारी संस्थाहरु सँग साझेदारीमा कार्यक्रम गरी आर्थिक संम्वृद्धीमा टेवा पुर्याउने कार्यक्रमहरु गरिनेछ ।
- ❖ गाउँपालिका स्तरीय चेपाङ भेला कार्यक्रम गरी टोल टोलम वडा वडामा चेपाङ उत्थान कार्यक्रम गरी समिति गठन गरिनेछ ।

## (ग) पूर्वाधारक्षेत्र

### भौतिक पूर्वाधार क्षेत्रः

- गाउँपालिकाको केन्द्रबाट वडा केन्द्र जोड्ने सडकहरुलाई निर्माण तथा स्तरउन्नत्ति गर्न प्राथमिकता दिने नीति लिईनेछ ।

- समुदायबाट पहिचान गरिएका भौतिक पूर्वाधारका क्षेत्रहरुको निर्माणमा जोड दिइनेछ ।
- सार्वजनिक तथा निजी क्षेत्रबाट सञ्चालन गरिने हरेक खालका विकास निर्माण तथा सेवा प्रकृयामा वातावरण संरक्षण तथा प्रर्वद्धनमा विशेष जोड दिइनेछ ।
- सार्वजनिक सडकको दाँयाबाँया वृक्षारोपण गर्नुपर्ने नीति लिईनेछ ।
- पूर्वाधारको विकास एवं निर्माण गर्दा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्ग, समुदाय, जाती र क्षेत्र लाभान्वित हुने गरी सन्तुलन कायम गर्ने नीति लिइने छ ।

- गाउँपालिका भित्रका रणनीतिक सडकहरुको पहिचानको लागि आवश्यक मापदण्डहरु तय गरिने छ साथै गाउँपालिका भित्रका सडक र आयोजनाहरुको अभिलेख तयार गरिने छ ।

- हरेक बर्षको चैत्र मसान्तभित्र पूर्वाधार तर्फका आयोजनाहरू सम्पन्न गराउने नीति लिइनेछ । आफ्नो वडाभित्रका सबै योजनाहरुको सबैभन्दा पहिला उभोस गठन, सम्झौता र सम्पन्न गराउने वडालाई आगामी बर्ष दिइने बजेटमा रकममा थप अंक प्रदान गरिने नीति लिइनेछ ।
- रु २० लाख रुपैयादेखी माथिका योजना ठेक्का प्रक्रियाबाट सञ्चालन गर्ने र सो भन्दा तलका योजनाहरु उपभोक्ता समितिमार्फत गर्ने नीति लिइनेछ ।
- उज्यालो राजमार्गको व्यवस्था गर्न सडक बत्तिको व्यवस्था गर्न प्रदेश, संघ र अन्य संस्था संघ समन्वय गरेर कार्यर्न्वयन गरिनेछ ।
- इच्छाकामना गाउँपालिकाको निर्माण हुदैँ गरेको प्रशासकीय भवन वडा कार्यालय भवन अस्पताल सबै भवनहरुलाइ निर्माण सम्पन्न गरिनेछ ।
- सबै बस्तीलाइ व्यवस्थापन गर्न Town Planning गरिने लक्ष्य लिइएको छ ।
- सुकुम्बासी भुमिहिनहरुको स्पष्ट विवरण तथ्याङ्क संकलन गरि सुकुम्बासी भूमि व्यवस्थापन कार्य पूरा गर्न लक्ष्य तयार गरिएको छ ।
- भूकम्प पिडित जोखिम बस्ती बाट विस्थापित भएकाहरु वडा नं ६ कोयलघारी वडा नं २ ,२४ घर धुरीहरुलाइ व्यवस्थापन गर्न छलफल गरि कार्यान्वयन गर्ने निति ल्याइएको छ ।

- सबै वडामा भएका सडकहरुले ओगटेका जग्गालाइ जिल्ला मालपोत कार्यालय सँग समन्वय गरि लागत कट्टा गराउन सबैलाइ सूचना निर्देशन गरि कार्यान्वयन गर्ने निति लिइएको छ।
- सुकुम्बासी समाधान गर्न सुकुम्बासी पहिचान गर्न र भुमि उपलब्ध गराइ व्यवस्थापन गर्न तथ्याङ्क संकलन गरिनेछ।
- सबै वडामा खानेपानीको व्यवस्थापन गर्न एक घर एक धारा कार्यक्रमलाइ सशक्त रुपमा लागु गरिनेछ।
- सबै वडाहरु सडक संजालले जोडिसकेको छ र सडक संजालले बाँकी जोड्न रहेका विभिन्न स्थानहरुमा तुरुन्त सडक संजाल पुर्याइनेछ।
- पर्यटकीय स्थलहरु साना ठुला खानीभएका स्थानहरु र प्राकृतिक स्रोत साधन कृषि पशु जन्य उत्पादन हुने स्थानहरुमा पनि प्रदेश सरकार र संघिय सरकार सँगको समन्वयमा सडक संजालले जोडिने छ।
- इच्छाकामना गाउँपालिकाको प्रशासकीय भवन, वडाकार्यालयहरुको भवन, इच्छाकामना अस्पताल र आधारभूत स्वास्थ्य केन्द्र र वर्थिङ सेन्टरका भवनहरु निर्माण गरी संचालनमा ल्यानेछ।
- सकै वडामा विद्युतिकरण गर्ने लक्ष्य अनुसार वडा नं १ मा यसै बर्ष विजुली बत्ती बाल्ने कार्य शुरु गरिसकिएको र वडा नं २ मा टेण्डर प्रकृया शुरु गरिएको, वडा नं ६ मा पोल तारहरुमा टोल टोलहरुमा पुगिसकेको छ। अब यस कार्यलाइ तिव्रता दिइ सबै वडाहरुलाइ विद्युतीकरण गरी उज्यालो इच्छाकामना घोषणा गर्ने लक्ष्य लिइएको छ।
- उज्यालो राजमार्गको अवधारणा सफल बनाउन इच्छाकामना गाउँपालिका वडा नं ३ मा सोलार लाइट राख्ने कार्य शुरु भैसकेको र वडा नं ५ मा सोलार लाइटको टेण्डर प्रक्रिया अगाडी बढी काम शुरु भै सकेको छ। अबका दिनमा ४,६ र ७ वडामा कार्यक्रमलाइ विस्तार गरिनेछ।
- एक वडा २, ३ वटा बल्क सिर्जना गरि एकिकृत बस्तीको अवधारणा गरि कार्यान्वयन गरिने लक्ष्य लिइएको छ।
- लिफ्टिङ प्रविधिबाट खानेपानीको व्यवस्थापन गर्न इच्छाकामना मन्दिर परिसर नागदह सम्म खानेपानी व्स्थापन गर्न ठेक्का प्रक्रया शुरु भैसकेको छ र इच्छाकामना गाउँपालिका वडा नं१ ज्यानदालामा लिफ्टिङ प्रविधिबाट खानेपानीको व्यवस्थाको निर्माण कार्य भैरहेको छ र त्यसलाइ सम्पन्न गरिनेछ।त्यसै गरी इच्छाकामना गाउँपालिका वडा नं६ ढुङ्ग्रे खानेपानीको लागी बजेट विनियोजन भैसकेको र यिनै कार्यक्रमहरुको साथै सबै वडामा खानेपानीको व्यवस्था गरिनेछ।

## बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्वन्धी नीति

- यस गाउँपालिकाको वस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभुत मापदण्ड निर्माण गरिने छ।
- भूकम्प प्रतिरोधी भवन निर्माण आचार संहितालाई प्रभावकारी रुपमा सञ्चालन गर्दै लगिनेछ।

२०७२ साल बैशाखमा गएको विनाशकारी भुकम्पबाट पिडित धेरै लाभग्राहीले हालसम्म पुरा राहत नपाइसकेको अवस्था छ । लाभग्राहीको सूचीमा परेकालाई यथाशीघ्र राहत उपलब्ध गराउन सहजीकरण गरिनेछ । भुकम्पबाट घर क्षतिग्रस्त भएका तर लाभग्राहीको सूचीमा नपरेका घरधनीहरुलाई लाभग्राहीको सूचीमा समावेश गरिदिन सम्बन्धित निकायमा विशेष पहल गरिनेछ ।

- सरकारी भवनहरु निर्माण गर्दा अपाङ्ग मैत्री भएमा मात्र नक्सा पास गर्ने नीति लिइने छ ।
- नक्शा पास गर्ने गराउन र भू-कम्प प्रतिरोधी भवन बनाउन आवश्यक तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ

- गाउँस्तरीय सडकहरु कच्ची सडक निर्माण ग्रावेल तथा स्तरउन्नति गर्न अनिवार्य रुपमा सडकको चौडाई ६ मिटर हुनुपर्ने नीति लिईने छ ।

- गाउँपालिका भित्रका सडकहरुलाई ४ बर्गमा विभाजन गरी A वर्गमा पर्ने सडकहरुको सडक क्षेत्राधिकार २० मिटर B वर्गमा पर्ने सडकहरुको सडक क्षेत्राधिकार १४ मिटर C वर्गमा पर्ने सडकहरुको सडक क्षेत्राधिकार १० मिटर D वर्गमा पर्ने सडकहरुको सडक क्षेत्राधिकार ६ मिटर कायम गर्ने नीति लिईनेछ ।

<u>सूचना । प्रविधि</u>

- आगामी आ.ब.बाट गाउँ कार्यपालिका कार्यालय र वडा कार्यालयहरुबीच इन्टरनेटको माध्यमबाट रिपोर्ट पेश र स्वीकृति गर्ने अभ्यासको शुरुवात गरिने छ ।
- एक वडा एक सूचना केन्द्र स्थापनामा जोड दिइनेछ ।
- गाउँपालिकाको वडा केन्द्रमा (टेलिफोन र इन्टरनेटको) सिधै सञ्चार सञ्जाल निर्माण गर्न जोड दिइनेछ ।

- **उर्जा र बैकल्पिक उर्जा**
  - राष्ट्रिय तथा शाखा लाइनको विस्तारका लागि बजेटको व्यवस्था गरिनेछ ।
  - बैकल्पिक उर्जाको उपयोगलाइ प्राथामिकता दिने नीति लिइनेछ ।
  - बैकल्पिक उर्जा उत्पादनको लागि विभिन्न नीजि व्यवसायिक कम्पनीमार्फत सम्भाब्यता अध्ययन गराई राष्ट्रिय प्रसारण लाइनमा जोड्ने कार्ये लाई प्रोत्साहन गर्न नीति लिईनेछ ।
  - साना जलबिधुत आयोजनाको र्निमाण र उपयोग सम्वन्धमा अध्ययन गर्दै जाने नीति लिइनेछ

**(घ) वातावरण तथा विपद व्यवस्थापन**

**वन**

- नाङ्गा डाँडाहरुमा बृक्षारोपण गर्ने नीति लिईनेछ
- वन क्षेत्रमा उपलब्ध हुने चिराइतो, अम्रिसो, कुरीलो, लौसी, वेदबाँस,मन्डुला,चिउरी जस्ता विभिन्न प्रजातिका रुख विरुवा एवं जडीबुटीलाई व्यवसायिक खेती तर्फ उन्मूख गरी आय आर्जनको माध्यम बनाउने नीति लिईनेछ ।
- बन र बनक्षेत्रलाई व्यवस्थापन गरी आयमूलक क्षेत्रको रुपमा विकास गर्ने नीति लिईनेछ ।
- वन,कृषि,भूमी तथा जलाधार संरक्षण, वातावरण आदि परस्पर सम्बन्धित विषयहरुमा एकीकृतरुपमा योजना सञ्चालन गर्ने नीति लिईनेछ ।
- बन पैदाबरमा आधारित लघु उद्धम कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
- समूहद्वारा बिरूवा उत्पादन गर्ने नीति लिइनेछ ।
- सामुदायिक वन व्यवस्थापनको नीति लिइनेछ ।
- निजी वन दर्ता गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- बन क्षेत्रमा रहेका सार्वजनिक जग्गाहरूमा उध्यान निर्माणको नीति लिइनेछ ।
- व्यवसायिक रूपमा काठ दाउरा निकासी तथा वनजन्य जडिबुटी वा गैर काष्ठ वन पैदाबर बिक्री वितरणमा कर लगाउने नीति लिइनेछ ।
- बन फँडानीलाइ निरूत्साहित गरी लोपोन्मूख वन्यजन्तु संरक्षणमा जोड दिने नीति लिइनेछ ।
- हरीयो बढाउ सन्ततीलाई जोगाउ भन्ने नारा का साथ एक व्यक्ति एक रुख को नीतिलाई निरन्तरता दिईनेछ ।
- क्षतिपूर्ति बृक्षारोपणलाई अनिवार्य गराईनेछ ।

## सार्वजनिक जग्गा संरक्षणः

●गाउँक्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि बिशेष पहल गरिनेछ । गाउँक्षेत्र भित्रका ऐलानी/प्रतिजग्गाको लगत लिइ संरक्षणको कार्यलाई अगाडि बढाइने छ र ऐलानी/प्रति जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्न योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन गरिने छ । साथै सरकारी जग्गाहरुको समेत लगत लिई व्यवस्थित गरिने छ । सार्वजनिक जग्गामा बनेका घर,भवन, सटर,टहरा,घुम्तीहरुलाई गाउँपालिकाको दायरामा ल्याईने नीति लिईनेछ ।

**वातावरणः**

- नेपाल सरकारले तयार गरी लागु गरेको वातावरणमैत्री स्थानीय शासनको प्रारुप अनुसार यस गाउँपालिकाले आगामी आ.व.देखी नै कार्य आरम्भ गर्नेछ र यस प्रारुपलाई गाउँपालिकाले गाउँपालिकाको मुल नीतिको रुपमा लिई सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने छ ।

- प्राकृतिक वातावरणको संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिईनेछ ।

- मूहान तथा पोखरीहरुको संरक्षण गरी रिचार्ज सिस्टममा ध्यान पुर्याइनेछ ।
- वातावरण व्यवस्थापनको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरण मैत्री बनाइनेछ

- पानीको स्रोतको दिगोपनाको लागि पुराना कुवा मुहान तथा पोखरीहरूको मर्मत सम्भार एवं संरक्षणका साथै पुनर्भरण पोखरी (Recharge Pond) बनाउने कार्यलाइ जोड गर्ने नीति लिइनेछ ।

## विपद् व्यवस्थापनः

- बाढी पहिरो आगलागी लगायतका प्राकृतिक प्रकोपबाट जनधनको क्षति भएकाहरुका परिवारका लागि खोज उद्दार राहतको सेवा उपलब्ध गराइने नीति लिइनेछ ।
  - विपद् व्यवस्थापन सुरक्षा निकाय जनप्रतिनिधि टोल विकास संस्था गैससको सहयोग लिने नीति लिईनेछ ।
  - क्षतिको मूल्यांकनका आधारमा न्यूनतम राहत उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइनेछ ।
  - यस गाउँपालिकाको विभिन्न वडाहरुमा चट्याङ्ग गई मानवीय क्षति हुने कार्यलाई नियन्त्रण गर्न गाउँपालिकाको संभाब्य क्षेत्रमा अध्ययन गरी अर्थिङ्ग लाईनिङ्ग एरेष्टर राख्ने नीति लिईनेछ ।
  - जलचर र थलचरहरुको संरक्षणका लागि करेन्ट लगाई माछा मार्ने, विषादी प्रयोग गर्नेहरुलाई कडा कारबाही गर्ने नीति लिईनेछ ।
  - प्रत्येक वडामा हेलिप्याड राख्ने स्थान तय गरी हेलीप्याड बनाइनेछ ।
  - भू-क्षय र पहिरो जन्य प्रकोपबाट बस्ती, बन र सडकलाई सुरक्षित तुल्याउनको निम्ति बास तथा निगालो जस्ता बृक्षारोपणको लागि बिशेष जोड दिई अभियानको रुपमा संचालन गरिनेछ।
  - सबै सामुदायिक वनहरु सँग साझेदारीमा विभिन्न कार्यक्रमहरु गरिनेछ ।
  - विपद व्यवस्थापन गाउँपालिकास्तरीय कार्याविधि बनाई कार्यान्वन गरिने छ ।
  - **विपत्तीमा कसैलाइ नहोस् आपत्ती** भन्ने नाराका साथ सबै सरकारी,गैर सरकारी संघ संस्थाहरु सँग समन्वय र सहकार्य गरी विपदलाइ समाधान गरिनेछ ।
  - सबै वडाहरुमा गठन गरिएका विपद व्यबस्थापन कोष र विपद व्यवस्थापन समितिहरुलाइ थप क्रियाशिल बनाइनेछ ।

- भुकम्प पिडित जोखिम बस्तीबाट बिस्थापित भएकाहरुलाइ वडा नं ६ कोयलघारी वडा नं २ का २४ घर धुरीलाइ व्यवस्थापन गर्न छलफल गरि कार्यान्वयन गर्ने निति ल्याइएको छ ।
- विश्वभर फैलिएको कोरोना भाइरस सँग लड्न यस इच्छाकामना गाउँपालिकाका सबै वडामा उचित क्वारेनटाइनको व्यवस्थापन गरिनेछ । यस कार्यको लागी टोल टोलमा सार्वजनिक भवन निर्माण गरिनेछ । यसका लागि आवश्यक वजेट विनियोजन गरि कार्यक्रम अगाडि बढाइनेछ ।
- पहिरो जाने बाढी जाने जोखिमपूर्ण बस्तिहरुलाइ स्थानान्तरण गरिनेछ र सामुहिक बस्ति निर्माण गरिनेछ ।
- विपद व्यवस्थपन कोष खडा गरिएको छ र उत्त कोषमा जम्मा भएको रकम आवश्यकता हेरी खर्च गरिनेछ ।
- आगलागी बाढी ,पहिरो, हावाहुरी विभिन्न प्राकृतिक प्रकोपबाट बच्न सचेतना कार्यक्रमहरु विपद व्यवस्थापन शिक्षालय कुरिनटार सँग समन्वय गरि सबै वडा टोलमा सचेतना कार्यक्रम गरिनेछ ।

## (ङ) विकास, सेवा प्रवाह र सुशासन

कार्यालय व्यवस्थापनः

- गाउँ कार्यापालिका कार्यालयको भवन निर्माणमा जोड दिईनेछ । भवन निर्माणका लागि ठूलो बजेट लाग्ने हुनाले प्रदेश सरकार वा संघीय सरकारसँग भवन निर्माणको लागि बजेट माग गरिनेछ ।
- वडा नतोकिएका वडाहरुको केन्द्र यसै सभाबाट तोकिनेछ । कार्यालय भवन नबनेका वडा कार्यालयहरुका लागि यथाशिघ्र भवन बनाइनेछ । भएका वडा कार्यालयहरुलाई अझ व्यवस्थित र सेवाग्राही मैत्री बनाइने छ । हाल निर्माणाधिन वडाकार्यालयहरुलाई निरन्तरता दिने नीति लिइनेछ ।
- छुट्याईएको बजेटबाट कार्यालय भवन नबनाउने, गाउँपालिकाबाट तोकिएको समयभित्र तोकिएको कार्य नगर्ने , तोकिएको मितिमा बडाको बैठक नबस्ने, मासिक रिपोर्ट नबुझाउने, वडा कार्यालयमा बसी सेवा नदिने, वडाध्यक्ष र वडासचिवले आफु बिदामा बस्नु अघि माथिल्लो तहबाट स्वीकृति नलिने, वडाध्यक्षले ३ दिनभन्दा बढी बिदामा बस्दा वडा सदस्यलाई कार्यवाहक नदिने गरेमा प्रत्येक शिर्षकका आधारमा आगामी बर्ष वडामा दिइने बजेटमा कटौति गर्ने नीति लिइनेछ ।

# राजस्व सम्बन्धी नीतिहरूः

- आन्तरिक आयका नयाँ र स्थायी स्रोतहरुको खोजी गरिने नीति लिइने छ ।

- गाउँपालिकाको विकासमा मैले पनि योगदान गर्नुपर्छ भन्ने मान्यताको विकास गराउने नीति लिइनेछ । सम्पत्तिकर बाट आएको रकम सम्बन्धित वडाकै विकासमा खर्च गर्ने नीति लिईने छ ।

○ अन लाईन सिष्टमबाट राजश्व संकलन गर्ने नीति लिईनेछ ।

- राजस्व असुलीमा संलग्न कर्मचारीको मनोबल उच्च गराउन आवश्यक उत्प्रेरणात्मक नीति लिइने छ । संकलित राजश्व गाउँ कार्यपालिका कार्यालयमा तोकिएको समयमा बुझाउने र सबैभन्दा धैरे राजश्व संकलन गर्न वडालाई आगामी बर्ष दिइने अनुदान रकममा थप रकम अनुदान दिइने नीति लिइनेछ

## पेश्की/बेरुजु फछ्र्यौट सम्बन्धी नीतिहरू:

- उपभोक्ता समितिलाई पेश्की दिने कार्यलाई निरुत्साहित गरिने छ ।

- बेरुजु असुली कार्यलाई प्रभावकारी बनाइ हालसम्मको बेरुजु असुललाई शुन्यमा झार्ने नीति लिइने छ ।

- पुरानो पे.फ. बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्वन्न पे.फ. गराउन आवश्यक पहल गरिने छ ।

- हालसम्मको बेरुजुलाई यकीन गरी फर्छौट गर्न गराउन समिति गठन गरी कार्य अघि बढाइनेछ ।

## लेखापालन तथा लेखा व्यवस्थापन सम्बन्धी नीतिः

- लेखा व्यवस्थापन तथा लेखापालनलाई मितव्ययी र प्रभावकारी बनाइने छ ।

- सार्वजनिक खर्चको मितव्ययीतालाई विशेष ग्राहयता दिइने छ ।

- गा.पा.को आय व्ययलाई मासिक रुपमा सूचना पाटी तथा वेवसाईटमा सार्वजनिक गरिनेछ ।

**कर्मचारी प्रशासनः**

●कर्मचारीको मनोवल उच्च पार्ने नीति लिइने छ। कार्यालयको हित र सेवा प्रवाहमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई उत्कृष्ट कर्मचारी घोषणा गर्न आवश्यक मापदण्ड तयार गरिने छ।

- समयमा कार्यालयआउने, तोकिएको पोशाक लगाउने कार्यलाई कडाइकासाथ लागु गरिनेछ
- कर्मचारीलाई सेवा प्रति लगनशील र कर्तव्यनिष्ठ बनाउन दण्ड र पुरस्कारको नीति कार्यान्वयनमा ल्याइने छ।

**भ्रष्टाचार निवारण कार्ययोजनाः**

● गाउँ कार्यपालिका कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन आवश्यक पहल गरिने छ।

● सुशासनका आधारभुत मान्यताहरुलाई आत्मसात गर्दै तद्अनुकुलको व्यवहार गर्दै लगिने छ

●इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिका कार्यालय र यस अन्तर्गतका वडा कार्यालयहरुलाई देशकै उत्कृष्ट नमूना कार्यालय र अनुकरणीय गाउँपालिका बनाउन चालु आ.व.देखी नै आवश्यक कार्यको थालनी गरिने छ।

● वडा कार्यालय र गाउँ कार्यपालिका कार्यालयमा नागरिक वडापत्र अनिवार्य राखिनेछ उजुरीपेटीका मार्फत उजुरी गुनासाहरुलाई दैनिक रुपमा प्राप्त गरी फछ्र्यौट गर्दै जाने नीति लिईने छ।

गाउँ कार्यपालिका कार्यालयमा सबै नागरिकहरुले स्पष्ट देख्न र पढ्न सक्ने गरी डिजिटल नागरिक बडापत्र राखिने छ।

- ○ सेवाग्राहीहरुलाई सहजीकरण गर्नका लागि कार्यालयको मुखैमा हेल्पडेक्सको व्यवस्था गरिनेछ।
- ○ गाउँपालिकाका वडाहरुमा अनलाईन घटना दर्ताको कार्य आगामी आ.ब.देखी शुरुवात गरिने छ।

**<u>प्रस्तुत कर्ताः</u>**

श्री कृति कुमार श्रेष्ठ
गाउँपालिका उपाध्यक्ष